श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

## सूचना

खाद्य नियमावली, २०२७ (संशोधन सहित) को नियम ४ को उप–नियम (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सार्वजनिक विश्लेषक तोकिनुभएका का. मु. खाद्य अनुसन्धान अधिकृत श्री श्रीपति शर्मा तालीम काजमा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि मिति ०३२–११–२२ देखि खाद्य तथा कृषि बजार सेवा विभाग अन्तर्गत खाद्य अनुसन्धान शाखाको सहायक खाद्य अनुसन्धान अधिकृत श्री पूर्णप्रसाद मानन्धरलाई सार्वजनिक विश्लेषक तोकेको छ ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

## सूचना

नेपाल राजपत्र भाग ३ संख्या १६ खण्ड २५ बाट मिति २०३२।४।१२ मा प्रकाशित सूचनामा कन्काई सिचाइ विकास योजनाको लागि मेची अञ्चल, झापा जिल्लाको प्राप्त गर्ने निम्न पञ्चायत वडा नं. को किताहरूमा निम्नमुताविक संशोधन गरी यो सूचना प्रकाशित गरिएको छ ।

शिवगञ्ज पञ्चायत

वडा नं. २ (क) को

कि. नं. ६१ बाट ०–२–१ भएकोमा ०–२–१५–२ गर्ने ।

वडा नं. २ (ख) को

कि. नं. २२७ बाट ०–७–११–० भएकोमा ०–३–१६–० गर्ने, कि. नं. २३६ बाट ०–३–८–५ भएकोमा ०–१–१६–२ गर्ने, कि. नं. २४० बाट ०–३–४–५ भएकोमा ०–१–१२–० गर्ने, कि. नं. ३८० बाट ०–२–११–५ भएकोमा ०–१–१६–२ गर्ने, कि. नं. ३८२ लाई कि. नं. ३८६ गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८५२